RNI No.: 21918/71

# गोर्खाली सुधार सभा

17 अप्रैल 1938

मासिक समाचार पत्र

वर्ष - 50 अंक - 6 नवम्बर 2021 मासिक पत्रिका मूल्य 9/- पृष्ठ 12




## मेजर जनरल संजिव खत्री, वी.एस.एम. GOC UK SUB AREA सित औपचारिक भेटघाट



# सभाको परिसरबाट



मानिनय मुख्य मंत्रीलाई अध्यक्ष गोर्खाली सुधार सभा द्वारा पुष्पगुच्छ भेंट



हाम्रो दँशै 2021 को उपलक्षमा आयोजित कार्यक्रमको शुभारम्भ



मानिनय मुख्य मंत्री द्वारा केहि महत्वपूर्ण घोषणा

17 अप्रैल 1938

**गोर्खाली सुधार सभा**

17 अप्रैल 1938
गोर्खाली सुधार सभा
देहरादून
वर्ष –50, नवम्बर 2021

सम्पादक
कर्नल (अ.प्रा.) जीवन कुमार क्षेत्री

विशेष सहयोग
श्रीमती प्रभा शाह

स्वामी / मुद्रक / प्रकाशक
अध्यक्ष
गोर्खाली सुधार सभा

मुख्य कार्यालय
गोर्खाली सुधार सभा
मेजर धनसिंह थापा परमवीर चक्र मार्ग,
गढ़ी कैन्ट,
देहरादून
फोनः 0135–2756070,
9897440879

वितरक
सभा शाखाध्यक्ष
डिजाइनिंग टाइप सेटिंग
विमला थापा

प्रकाशन कार्यालय
वाणी प्रिंटिग प्रेस, धोसी गली,
देहरादून, उत्तराखण्ड

नोटः पत्रिकामा प्रकाशित लेखहरूको लागि सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन। समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून छ।

# सम्पादकीय

83 वर्ष पहिले स्थापना भएको गोर्खाली सुधार सभाको यात्रामा धेरै अध्याय सभाको  गौरवमय इतिहासमा जोडिएको छ। तर 20 अक्टुबर 2021 मा जून अध्याय थपियो यो केवल देहरादूनको गोर्खाहरूको निम्ति मात्र ऐतिहासिक होइन, यो भारत भरि बसि आएका सम्पूर्ण गोर्खा समुदाय को निम्ति ऐतिहासिक हो अनि, गौरवान्वित क्षण हो। अनि यो अध्याय हो – रेडियो घाम छाँया 90.0 एफ.एम. को स्थापना जो भारतीय गोर्खा समुदायको यो प्रथम रेडियो हो। यसको सफलता पूर्णरूपले रेडियो घाम छाँयाको नेतृत्व तथा टिमलाई जान्छ, यद्यपि गोर्खाली सुधार सभा र समुदायको योगदान उल्लेखनीय छ, र सभाकै परिसर भित्र स्थापना हुन सक्यो। रेडियो नै एउटा यस्तो माध्यम हो जसद्वारा हाम्रो आवाज घर–घर सम्म पुर्याउनु सक्छौं। यो आवाजमा हाम्रो समुदायको आकंक्षा हुन्छ, उनीहरू प्रति नै आहवान हुन्छ केहि संन्देश हुन्छ, जानकारी हुन्छ, अनि जुन आवाजले समुदायलाई एकै सूत्रमा बाँध्न सक्छ। एकता नै एउटा यस्तो शक्ति हो जुन शक्तिले हामी एउटा सुदृढ़ समाजको रूपमा देशको अन्य समाजको साथ अग्रिम पंक्तिमा खड़ा हुन सक्छौं। यहि उदेश्य हो रेडियो घाम छाँयाको। समाज अनि समुदायको बिलुप्त हुन लागेको अस्तित्वको संरक्षण समबर्द्धन गरि समाजमा जानकारी पुर्याएर हामी आफ्नो अस्तित्वलाई बचाइ राख्ने अनि कहिले नमेटिने समाज बनौं समुदाय बनौं, अजम्वरी बनौं, हामी विलुप्त नबनौं। परम्परा, संस्कार संस्कृति, कला, भाषा, साहित्य पहिरन, सबैलाई  बचाए मात्र हाम्रो 'गोर्खा' अस्तित्वलाई अमर र अजम्बरी बनाउन सकिन्छ।

घाम छायांको प्रस्तुतिहरूमा यहि अस्तित्व सित जोड़िएको जानकारी पाइन्छ अस्तित्व बचाए मात्र हामी सर्व सम्पन्न भन्न सक्छौ! अवश्यै सक्दैनौ। समुदाय सुदृढ़ र बलियो तब हुन्छ जब शिक्षा, स्वास्थ, ज्ञान , आर्थिक स्थिती सबैको विकास, हुन्छ। साथै समाजको अरू बुन्दाहरू जो हाम्रो वरिपरि घुमी रहेको हुन्छ जस्तै बाल विकास, नारी सशक्तिकरण, वृद्ध प्रति ध्यान, सबै प्रति जागरूकता गराउने उद्देश्य पनि रेडियो घाम छायाँको हो। घाम छायाँको सुदृड़ता नै, समाज र समुदायको सुदृड़ता हो। समाजको सबै महानुभवहरू यस प्रति जिम्मेदार भए, यो घाम छायाँ सुदृड़ बन्ने छ, हामी सुदृड़ बन्ने छौं, समाज सुदृड बन्ने  छ। ''जागौं, न सुतौं, उठौं नफुटौं''।

## अध्यक्षको कलमबाट



श्री पदम सिंह थापा

खुशीको कुरा हो, केहि समय देखि, सोशल मीडियामा हाम्रो समाज सम्बन्धित धेरै उत्साहित पार्ने सन्देश पड़न पाइरहेको छौं धेरै जस्तो राजनैतिक, केहि शिक्षा, संस्कृतिक अनि एकता माथि छ। म सराहना गर्दछु। यो आवाज सोशल मिडिया सम्म मात्र सिमीत रहने हो कि, केहि अन्य माध्यम लाई साथ लिएर बड़ने हो। आफ्नो केन्द्रित मंच द्वारा एउटा एकत्रित आवाज उठे मात्र यो आवाज भन्दा बलियो अरू केहि हुन सक्दैन। समाजको सबै महानुभवहरूलाई यसे सोंच ठीक लागे अवश्यै उक्त बुन्दाहरूमा सक्रियता सित अधि बड़न सक्छौ एउटा तयवद्ध योजना अनुसार(योजनानुसार)। वर्तमान स्थितिको आवश्यकता पनि यहि नै हो, राजनैतिक परिवेशमा उपस्थिति, शिक्षा, रोजगार आर्थिक सुदृड़ता (मजबूती), अनि सामाजिक विकास। अहिले सम्म हामी क्षणिक आन्नद र सुक्ष्म उपलब्धि सम्ममा नै सन्तुष्ट रह्यौं, आन्नदित रह्यौ। ठुलो उपलब्धि पाउने शक्ति छ, तर यस उपलब्धि पट्टि हामी संवदेनशील छैनौं, गंभिर छैनौं। रेडियो घाम छाँया उपलब्धि हो, किन भने विगत छ वर्ष देखि निरन्तरता सित, आशा विश्वास अनि समर्पित भावले, घामछाँया सित जोडिएका महानुभावहरू अघि बड़ि रहे चुनौती र समस्याहरूलाई पर सार्दै। यो सबैलाई अधि बड़ाउने उत्साहित अनि विश्वास दिने सत्य हो। समाजको हित अनि सर्वागिंन विकास एकता र एकमतमा अड़ेको छ।

## महामंत्रीको कलमबाट



श्री गोपाल क्षेत्री

सत्य हो जब सम्म नानी रूँदैन तब सम्म आमाले पनि दुध पिलॉउ दिइनन। उत्तराखण्ड सरकार द्वारा भर्खर लच्छीवाला मा निर्मित "लच्छीवाला नेचर पार्क" मा संस्कार संस्कृतिको निम्ति राज्यको अन्य समाजले सूचना पाए साथै भिन्न जग्गा पनि आवंटन भयेको थियो जुन संस्कृति कला सित सम्बन्धित वस्तु हरूको निम्ति हो। यसको जानकारी पाउन साथै सभा ले उठाएको कदम को कारण आज त्यस जग्गामा राज्यको अन्य समाज को साथ गोर्खा समाज को पनि संस्कृति सित जोडिऐको वस्तुहरू (परिहरण अनि आभुषण) प्रदर्शन हुन सकेको छ। यो एउटा सानो कदम भए पनि महत्वपूर्ण उपलब्धि हो, यद्यपि येतिमा नै हामी सन्तुष्ट रहनु ठीक नरहला । हाम्रो सस्कार संस्कृति सित जोडिएको पारम्परिक वस्तु, वाध्य वादन, आभुषण, खान पान सबैको पनि प्रदर्शन हुन पर्छ जसद्वारा हाम्रो गौरवमय परम्परा संस्कार, कला संस्कृतिको सन्देश विश्वमा पुग्न सक्छ। सभा सक्षम छ तर समाज र समुदाय को योगदान, मार्गदर्शन पाए निसन्देह आउने दिनहरूमा गोर्खा समुदाय र समाज एउटा सुदृढ, सर्वसम्पन्न समाज को रूपमा विश्वमा चिनिने छ । बुन्द बुन्दले सिन्धु भरेको भन्ने चरितार्थ सत्य छ।

यस्तै सानो सानो यद्यपि अथक, बलियो कदम एकसाथ बडाउन सक्यौं भने हामी लाई रोक्न कसले सक्ला र !!!!

धन्यवाद

# अंतरंग सभा 23 अक्टूबर 2021 गोर्खाली सुधार सभा

1. गत् माहको अंतरंग सभा 23 अक्टूबर 2021 बिहान 11 बजे जनरल मानेक्शॉ सभागारमा माननीय अध्यक्ष श्री पदम सिंह थापा ज्यूको अध्यक्षतामा समपन्न भयो। अंतरंग सभाको विवरणहरू यस प्रकारले छः–

क) स्वागत सम्बोधन – महामंत्री श्री गोपाल क्षेत्रीज्यूले अंतरंग सभामा उपस्थित शाखाध्यक्ष, केन्द्रीय कार्यकारिणी, पूर्व अध्यक्ष तथा आमंत्रित सदस्यहरूको स्वागत अभिन्दन जनाउनु भयो तथा उपस्थिती निम्ती आभार व्यक्त गर्नु भयो।

ख) दिवंगतहरू प्रति श्रद्धांजली–विगत माहमा दिवंगत हुनु भयेका सभा सदस्यहरूको आत्मा शांन्ति तथा दुखित परिवारले यो पीड़ा सहने शक्ति पाओस भनेर दुई मिनटको लागी उपस्थित महानुभावहरूले मौन शांति प्रार्थना गर्नु भयो। दिवंगतहरूको सूची :–

| | | | |
|---|---|---|---|
| i) | श्री रामशरण प्रधान | रायवाला | 08 / 10 / 2021 |
| ii) | श्रीमती नंदा थापा | रायपुर | 28 / 10 / 2021 |
| iii) | श्रीमती विष्णुमाया मल्ल | रायपुर | 25 / 09 / 2021 |
| iv) | श्री नरेन्द्र सिंह थापा | रायपुर | 15 / 09 / 2021 |
| v) | श्रीमती उर्मिला सेन | रायपुर | 14 / 09 / 2021 |

ग) शुभकामना एवं सम्मान – सभा अध्यक्षाले बलभद्र खलंगा विकास समितिका नवनिवार्चित अध्यक्ष श्री दीपक कुमार बोहरा, उपाध्यक्ष सुश्री विनय गुरूंग, तथा अन्य पदादिकारीहरूलाई खादा ओढ़ायेर सम्मान गर्नु भयो तथा अन्तरंग सभाले ताली बजाऐर वहाँलाई बधाई दियो।

घ) **<u>अंतरंग सभाका ऐजेण्डाहरू :–</u>**

i) हाम्रो दशैं आयोजनको असल खर्चाको ब्योरा तथा सम्पुष्टि

ii) पूरानो विध्वंस भवनमा पूर्वका किरायेदार श्री एम.एल थापा ज्यूले विद्युत विभागमा जमा न गरेको विधुत प्रभारलाई विच्छेद पूर्व जमा गर्नु निम्ती छलफल

iii) नव निर्माण हुने क्षेत्रमा पूरानो सीढ़ी तोडेर नया सीढी निर्माणको खर्चा सुम्पुष्टि

iv) वार्षिक कलेण्डर निर्धारण तथा खर्चा

v) मासिक पत्रिका वितरण तथा व्यय वहन गर्ने ब्योरा

ड.) विगत माहको अन्तरंग सभा विवरण तथा सम्पुष्टि – विगत माहको अंतरंग सभाको कार्यवाही महामंत्री ज्यूले सभा समक्ष प्रस्तुत गर्नु भयो तथा सभाले सम्पुष्टि दियेको सबै महानुभावहरूलाई आभार व्यक्त गर्नु भयो।

च) विगत माहको आय–व्ययको विवरण सम्पुष्टि – कोषाध्यक्ष श्री प्रदीप क्षेत्रीज्यूले विगत माहको असल आय – व्ययको खर्चाको आयहरूको ब्योरा अन्तरंग सभा समक्ष प्रस्तुत गर्नु भयो, साथै दशै कार्यक्रम को विवरणको शंका निदान गरे पछि सभाले सम्पुष्टि दियो।

2. **<u>सभाले गरेका पत्राचारहरू :–</u>**

i) उत्तराखण्ड गोर्खा युवाहरूको सेना भर्ती रेली गर्नु निम्ती अध्यक्ष गोर्खा बिग्रेड, सबै गोर्खा प्रशिक्षण केन्द्रका कमाण्डेट, अध्यक्ष AIGEWA, ले. जनरल राम सिंह प्रधान तथा ले.जनरल शक्ति गुरूंगलाई निवेदन पत्र पठाएको छ।

ii) गोर्खाहरूको सेना भर्तीमा सहयोग गुर्न निम्ती, जसरी एउटा गोर्खा प्रशिक्षण सेन्टर देहरादूनमा पूनः स्थापित गर्नु, भर्ती दौड़मा अन्य जाति सामिल नगर्नु, गोर्खा कोटामा वृद्धि गर्नु, बीआरओ (BRO) तथा प्रशिक्षण केन्द्रहरूको उत्तराखण्ड़मा भर्ती रेली वृद्धि गर्नु निम्ती पत्र माननीय रक्षा राज्यमंत्री श्री अजय भट्ट ज्यूलाई निवेदन गरेका छौं।

iii) माननीय मुख्यमंत्री उत्तराखण्ड़ लाई अफगानमा परेका उत्तराखण्ड़ वासीहरूलाई सुरक्षित निष्कासन निम्ति आभार पत्र दियेका छौं।

3. **<u>अन्य सूचना हरू :–</u>**

i) गोर्खाका 11 जातिहरूलाई राज्य सरकारको अनुसंशा मान्य हुने छ सूचना आयेको छ।

ii) उपनिबन्धक कार्यालय देखी सदस्यता शुल्क तथा जाति प्रमाण पत्र शुल्क अकारण वृद्धि गरेका स्पष्टीकरण माँगेको छ।

iii) श्री सूर्य विक्रम शाहीले जीडीएफको कार्य भविष्यमा कुन प्रकारले गर्ने सुझाव तथा बैठक निवेदन गर्नु भयेको छ।

iv) सिलाई प्रशिक्षिका श्रीमती नीलम क्षेत्रीज्यूले पतिको स्थानांतरणको कारण प्रशिक्षण कार्य छोडनु भयेको छ।

v) उत्तराखण्ड़ सब ऐरियाका जी.ओ.सी. महोदयको दशैं शुभकामना प्राप्त भयेको छ।

4. **<u>उपस्थित महानुभावहरूको सुझाव :–</u>**

क) **श्री पदम शाही, शाखाध्यक्ष चन्द्रबनी** – बैठकहरूमा शामिल न हुने सदस्य तथा सभाको संविधान देखी बाहिर गयेर सभामा आक्षेप गर्ने सदस्यहरूको हामीले बहिष्कार गरी रहनु पर्छ।

ख) **श्री शंकर थापा, शाखाध्यक्ष गढ़ी** – राजनेतिक दलहरूले

सभामा कुनै पनी आयोजन गर्द छन त हामीले मात्र सुझाव या अन्य सहयोग गर्ने हो सभाले कुनै प्रकारको आर्थिक सहयोग गर्नु हुन्दैन।

ग) **श्री सी.बी. गुरूंग, शाखाध्यक्ष भगवानपुर** – सभामा ठुला – ठुला कार्यक्रम हुदै आयेका छन  हामीहरू साउंड सिस्टमलाई नया तकनीकले बंनाऊ।

घ) **श्री बिष्णु बहादुर खत्री, शाखाध्यक्ष ठाकुरपुर** – शाखाध्यक्षले दीन असहाय तथा दिव्यांगजनहरूको सहयता गरेका छन केन्द्रले पनी सहयोग गरी दिनु होस शाखाले प्रत्येक माह ब्यय उठाउनु सक्दैन।

ड.) **के. आर. एस.थापा, सहयोजित सदस्य** – अतंरंग सभा भये पछि प्रत्येक शाखाध्यक्षले छिटो मासिक बैठक आवाहन गर्नु पर्छ। केन्द्रका गतिविधीहरू तथा शाखा सदस्यहरूले आफ्नो सुझाव शाखामा दिये भने श्री विरेन्द्र थापाले उपनिबन्धक कार्यालयमा आरोप लगाउनु भन्दा पहिला केन्द्रमा सुझाव दिनु सक्ने थिये। सभाले हाम्रो दशैंको कार्यक्रम भव्य रूपले गरेको सबै पदाधिकारी तथा प्रतिभागीहरूलाई धेरै–धेरै बधाई छ। वार्षिक पर्व तथा देशहितमा भयेका आयोजनमा हामीले राज्य सरकार सित सहयोग लिनु पर्छ। रेडियो घाम छाया देशको प्रथम सामुदायिक रेडियो हो, हामी सबैले वहाँलाई आर्थिक सहयोग दिनु पर्छ।

च) **क. भगवान सिंह क्षेत्री, पूर्व अध्यक्ष** – सभाका गतिविधीहरू राज्य तथा राष्ट्रीय स्तरमा भई  रहेका छन, हामीहरूले जनरल मॉनेक्शा हॉलको पूर्नउद्वार गर्ने प्रयास गरौ, विशेष गरी पहिला साउडं सिस्टममा सुधार गरौ।

छ) **क. सी.बी.थापा, पूर्व अध्यक्ष** – राजनैतिक दल गोर्खा डेमोक्रेटिक फ्रंट रजिस्टर्ड छ, पूर्वकालमा प्रत्येक अवधिहरूमा पदाधिकारीहरूको चयन भई रहेको  छ।यो प्रक्रियालाई वर्तमानमा पनी चलाउदै रहनु पर्छ। बैठकको आयोजन वहाँले आफै गरी दिने हो। सभाको मासिक पत्रिकाहरूमा त्रुटि भई रहेको छ। कृपया सावधानी गर्नु होस।

5. **<u>माननीय अध्यक्षको सम्बोधन :–</u>** अध्यक्षज्यूले अंतरंग सभामा उपस्थित महानुभाव तथा आमंत्रित सदस्यहरूको स्वागत गर्नु भयो। उपस्थित सदस्यहरूलाई अंतरंग सभाको बून्दाहरूको छलफलमा सबैले सकारात्मक सहयोगको आभार गर्नु भयो।

क) राजनैतिक दल गोर्खा डेमोक्रेटिक फ्रंटले राज्यमा चुनाव देखी पहिला मात्र सक्रिय हुने होइन, सबै सुमदायमा पारस्परिक सम्पर्क गरी रहने हो। वहाँले दल भित्र चुनाव बारे आयोजन गर्ने हो तथा हामीले समाजलाई प्रेरणा दिने हो।

ख) हाम्रो दशैं कार्यक्रम पूर्व वर्ष भन्दा यस वर्षमा कम खर्चहरू भयेता पनी आयोजन भव्य भयेको थियो, हजूर सबैलाई आभार छ।

ग) श्री मोहन लाल थापाको पूर्व भवनको विद्युत प्रभार 12000/– वहाँले जमा न गरेको कारण तथा वहाँको मृत्यु पछि परिवारले पेन्शन पायेको छैन, थप प्रभारले बाँच्नु निम्ती हामीले सभा कोष देखी पहिला जमा गरौ तथा पछि वहाँ सित रिकवरी गर्ने छौं। सभाले सम्पुष्टि दियो।

घ) वार्षिक केलेण्डर पत्रिका हामीले पूर्ववत् कम खर्चामा छापने।

ड.) मासिक पत्रिकाको वितरण सामान्यरूपले भयेको छैन। पत्रिका हरू कार्यालयमा बची रहेको कारण हामीले बिना मूल्य बाँटी रहेका छौं। अब 10 पत्रिका मूल्य शाखा कोष देखी जमा हुने छ। छपाई खर्चा पूर्ण रूपले केन्द्रले वहन गरेको छ। सभाले सम्पुष्टि दियो।

च) रेडियो घाम छाया शुरू भयेको छ। सबै कार्यकर्ताहरूलाई बँधाई छ, सभाले वहाँलाई यथा सम्भव सहयोग गरी रहेको छ।

छ) सेनाका पूर्व जनरल तथा वरिष्ठ अधिकारीगणले हाम्रो आवाहन मा उपस्थिती हुन्दा तथा मार्ग दर्शन गरी रहनु भयेको छ। हामीले भविष्यमा पनी वहाँको यस प्रकारले सहयोग पायो भने धन्य हुने छौं।

ज) श्री विरेन्द्र थापा ज्यूले सभामा न सोधेर बाहिर सभाका कार्यहरूको आरोप लगाउनु भयेको छन। वहाँले कइले पनी शाखा बैठकमा आफ्नो बात राख्नु भयेन। हामीले उपनिबन्धक कार्यालय लाई उत्तर दी सकेका छौं। सभाले वहाँलाई स्पष्टीकरण मांग्ने छ, उत्तर न पाए 15 दिन पछि सदस्यता निष्कासित गरिने छ।

झ) दुधली क्षेत्रमा धेरै गाँवहरू छन, डोईवाला तथा रामगढ़ शाखाले पूरा गाँव भ्रमण तथा अन्य क्षेत्रमा बैठक आयोजन गरेका छइनन हामीले समीप शाखालाई सोधेका छौं सुझाव आयो भने नया शाखा खोल्ने छौं।

ञ) सब ऐरिया सेना मुख्यालयका जी.ओ.सी. लाई जी.एम.आई. सी. तथा भर्ती प्रक्रिया को दुबिधा बारे सोधेका छौं। वहाँले सभा यथा संभव सहयोग गर्नु हुने छ।

अंतमा माननीय अध्यक्षज्यूले उपरोक्त बून्दाहरूमा छलफल गरे पछि सम्पुष्टि दियेको आभार गर्नु भयो। उपस्थित महानुभावहरूले सोहार्दपूर्ण सहयोग दिनु भयो, धन्यवाद गर्दै अंतरंग सभाको समापन घोषणा गर्नु भयो।

# हनु शमशेर जंग बहादुर राणा

देहरादुनको '' गोर्खा ईतिहास'' को पाना पल्टाएर हेर्यौं भने यहाँको गोर्खा समाजको महानुभावहरुको मार्गदर्शन, समाज तथा जातीको उत्थान, विकास, भाषा साहित्य संस्कृतिको संरक्षण, जनचेतना, आर्थिक बिषमता अनि एकताको निम्ति योगदान ऐतिहासिक तथा उल्लेखनिय छ। यी दिग्गजहरुमा एक हुनु हुन्छन् हनुशम्शेर जंग बहादुर राणा। उनी श्री नरेन्द्र शम्शेर जंग बहादुर राणा (पिता) तथा रानी कसुम देवी (माता) का सुपुत्र हुन। उनको जन्म 31अक्टुबर 1943 मा बल्लुपुर, देहरादुनमा भएको थियो।

उनको बाल्यकाल पडाईमा नै बित्यो। पडाईमा अव्वल थिए साथै अनुशासित अनि मेहनती। त्यही प्रवृत्ति थियो पछि सम्म – अनुशासित, समयनिष्टा अनि कामको सोहाना। काम ठूलो सानो सब बराबर उनको निम्ति थियो। यसैले भारतभरि छरिएर बसेका गोर्खाहरू सित सम्पर्कमा रहे, बिशेष, उत्तरपुर्व राज्य, दार्जिलिङ, सिक्किम।

परिवारमा जेठो अनि दुई भाईहरू थिए, कपिश शम्शेर जंग बहादुर राणा अनि त्रिवेणी शम्शेर जंगबहादुर राणा। कपिश शम्शेरको अल्पायुमा नै देहान्त भएको थियो। कान्छो भाई त्रिवेणी शम्शेर पढाई सिद्धाए पछि नेपाल गए। बहिनीहरूमा शैल्या सिंह, अम्बिका अनि मीरा सिंह हुन। शैल्या सिंहको बिवाह भोपाल (मध्य प्रदेश) निवासी श्री राज कुमार खन्ना सित भयो। जो एक Bureaucrat हुन हुन्छ। अर्की बहिनी अम्बिका पनि दुनियामा रहिनन। कान्छी बहिनी मीरा सिंहको बिवाह कुलु हिमाचल प्रदेश निवासी राजा मानवेन्द्र सिंह भयो जो एक सफल राजनितीज्ञ साथै वर्तमान कुलु मनाली क्षेत्रबाट भारतीय जनता पार्टीको सांसद हुन। हनु शम्शेर राणाको बिवाह देहरादुन निवासी कर्नल पदम सिंह थापा, (मिलिट्री क्रस) को सुपुत्री निर्मला थापा संग सन् 1969 मा भयो। हनु शम्शेर समाज सेवामा समर्पित थिए भने उनकी श्रीमती निर्मला शम्शेर राणा शिक्षण प्रति 33 वर्ष सम्म समर्पित रहिन। उनीहरूको सन्तानमा छोरो मनु शम्शेर जंग बहादुर राणा, उनी देहरादुनमा आफ्नो परिवार सित छन्। छोरी तिलोत्तमा राणा, जो नामी क्यानसर बिशेषज्ञ हुनु हुन्छ। अर्की छोरी सिदेश्वरी राणा वर्त्तमान देहरादुनमा छिन् अनि शिक्षण सेवामा सक्रिय छिन्।

हनु शम्शेर युवा अवस्था देखि नै समाज सेवामा लागि सकेका थिए। उनको सक्रियता 70को दशक देखि नै देखिन लागेको थियो।

उनी मान्द थिए, ऐतिहासिक धरोहर, भाषा, समाज, राजनैतिक समुदायको अस्तित्वको मेरूदण्ड भनेर। उनले सदैव यी बिकास प्रति सचेत र सक्रिय रहे। उनको कार्यकौशलता, ईमान्दरी, दयालु, मेहनती, लगन इत्यादिको कारण समाजले सुदृढ नेतृत्व उनमा पाएका थिए। उन्नतिशिल प्रवृत्तिका थिए हनुशम्शेर। समाजको हर काममा सदैव अग्रिम पंक्तिमा रहन्थे। उनको नेतृत्वमा रहेको संघ, संस्थाहरू :–

(1) 1978–85, अध्यक्ष, खलंगा नालापानी विकास समिति :– 1814 एंग्लो गोर्खा बिच लडिएको खलंगा नालापानीको युद्ध स्थलमा स्थित चन्द्रयाणी मन्दिरमा त्रिशुल चढाएर पुजा पाठ गरि हर बर्ष मेला तथा बनभोजको आयोजन गरि, कुँवर वीर बलभद्र तथा गोर्खा वीरता रच्ने वीर गोर्खाहरूको स्मरण गर्ने परम्पराको शुरूवात् उनको पिता महाराज कुमार नरेन्द्र शम्शेरले शुरू गरे अनि उनले भव्य रूपमा यस परम्परालाई अधि बढाउदै लगे जो अहिले सम्म त्यस्तै रूपले मनाउदै आइरहेका छन्।

(2) 1979–89, अध्यक्ष, गोर्खा डेमोक्रेटिक फ्रन्ट 1970 दशकको मध्य तिर बाट भारतीय संविधानको आठौं सुचि अन्तर्गत नेपाली भाषाको मान्यताको निम्ति आन्दोलनले पुर्ण गति समाति सकेको थियो। यसै उदेश्यले भारतभरिको गोर्खाहरूको एक प्रतिनिधि टोली दिनांक 29 सेप्टेम्बर 1977 को दिन भारतका तत्कालिन प्रधान मंत्री मोरारजी देसाईसंग भेट गरे। देहरादुनबाट गम्भीर सिंह राईले प्रतिनिधित्व गरेका थिए। यस भेटघाटमा प्रधान मंत्रीको नकारात्मक तथा निन्दनीय प्रतिक्रियाले केवल प्रतिनिधि मण्डल मात्र होइन सम्पूर्ण गोर्खा समुदाय आहत थिए। देश स्वाधीनता भएको 30 वर्ष पछि सम्म पनि गोर्खा समुदायको सोंचको कारण, देहरादुनमा आफ्नै राजनैतिक पार्टीको आवश्यकता हुनु पर्छ भनी दिनांक 16 सेप्टेम्बर 1979 को दिन गोर्खाहरूको राजनैतिक पार्टीको स्थापना गरे, "Gorkha Democratic Front"। हनु शमशेर जंग बहादुर राणाको अध्यक्षतामा। उनको 10 वर्षको संस्थापक अध्यक्षताको अवधिमा पार्टीले, क्षेत्रिय, राज्य अनि राष्ट्रिय स्तरमा आफ्नो राजनैतिक अस्तित्व र उपस्थितिको सन्देश पुर्याउन सकेको थियो साथै

देहरादुनका गोर्खा जनमानसमा राजनैतिक चेतना ल्याउन सफल भएको थियो।

(3) 1991–93 : अध्यक्ष, गोर्खाली सुधार सभा – उनको कार्यकाललाई सभाको विकास बिशेष रूपमा आर्थिक स्थितको सुदृढता निम्ति याद गर्न सकिन्छ। आफ्नो अफिस दिएर सभा परिसरमाको State Bank Of India को शाखा स्थापना गरे। उनी अध्यक्षको रूपमा अन्य पदाधिकारी कै साथ एकै कोठामा अफिसको काम चलाए। यो अवश्यै सराहनीय काम हो। त्यस समयको त्यो सानो सोंचले आज सभाको आफ्नो आर्थिक स्थिति सुदृढ छ। उनले समाजको बिषमताको समाधानको निम्ति सबै सित सम्पर्कमा रहे। उनको साथमा समाजको निम्ति साथ दिने हरूमा श्री के एन शर्मा अनि चन्द्रबनी निवासी श्री शिव शंखर सुब्बाको नाम श्रीमती निर्मला राणा (पत्नी) लिनु हुन्छिन्।

(4) 1993– य अखिल भारतीय नेपाली भाषा समिति– भाषाले मान्यता पाए पछिको अवधि ,भाषा साहित्यको प्रचार र प्रसारमा लागे। उनैको समयमा देहरादुन निवासी ठाकुर चन्दन सिंह (भाषाविद्, भाषाप्रेमी, समाजसेवी, राजनितीज्ञ) को योगदान माथि लेखिएको किताबको प्रकाशकको रुपमा भाषा समितिको गरिमा रचेको थिए। उनी भाषा आन्दोलनमा सक्रिय रहेकोले उनको योगदान सहि मुल्यांकन देहरादुन बाहिरका संस्थानहरुले पनि लगाएर सम्मानित गरेका छन।

- सिक्किम साहित्य परिषद
- •• अखिल भारतीय नेपाली भाषा समिति,देहरादुन

संस्कार र संस्कृति हेतु नेपालबाट सांस्कृतिक टोली निम्ताएर स्थानिय नानीहरुमा लोक नृत्य प्रति जागरुक गराई प्रशिक्षण तथा सांस्कृतिक कार्यक्रमको आयोजन गराए।

(5) अन्य संग संस्थाः–

(i) 1990– नेपाली भाषाआन्दोलनको निम्ति स्थापित भारतीय नेपाली राष्ट्रिय परिषद,सिक्किमको कार्यकारिणी सदस्य।

(ii) 1999– अध्यक्ष, प्रबन्धक समिति, गोर्खा इन्टर मिलिट्रि कलेज, देहरादुन। उनको अध्यक्षतामा बिज्ञान अनि बाणिज्य(कमर्स) को मान्यता दिलाए।

(iii) 2005– भारतीय गोर्खा परिसंघको सल्लाहकार

(iv) North Point Children Academy को संचालक समितिको सदस्य।

(6) 1994 – समाजवादी पार्टीको प्रत्याशीको रुपमा बिधान सभा चुनावमा प्रतिभागी।

(7) 2004 भद्र काली मन्दिरको 200 बर्षको सफल यात्राको उपलक्षमा भव्य तथा ऐतिहासिक शिव मन्दिर,शम्शेरगढ अनि ऋषिकेशको मन्दिरमा सहयोग पुराए।

(8) सम्मानः–

(i) 2005– नेपाल नागरिक मन्च द्वारा अन्तराष्ट्रिय नागरिक सम्मान

(ii) उनको ब्यक्तित्व र स्वभाव, प्रशन्नता,मिलनसार र उदारतापुर्ण थियो। सबैलाई आफ्नै मान्ने हनु शम्शेर, बुढापाका, युवा सबैसंग सम्पर्कमा रहेर जति सक्दो मार्गदर्शन, अन्य योगदान तन मन तथा धनले समाज तथा समुदायमा पुर्याई रहे। प्राय जस्तो हर दिन, सामाजिक काममा जोडिएका महानुभवहरुको दिनको भोजन उनैको घरमा हुन्थयो अनि बेलुकी सँधै जस्तो नै केही गोष्ठी सर सल्लाहको निम्ति महानुभवहरुको जमघट हुनेथ्यो। उनको यस्तो व्यस्तताले, परिवारको निम्ति समय हुँदैनथ्यो र श्रीमती निर्मला (पत्नी )

प्राय सँधै नै जस्तो उनी सित नाराज रहन्थिइन्। उनी अझ थप्नु हुन्छिन् 'चाढ पर्वमा पारम्परिक रीतिमा केही कमी राख्दैनन् थिए, उनी''। कुनै प्रतिनिधि मण्डल, राज्यको मुख्यमन्त्री तथा मंत्री मण्डल संग भेटवार्तामा उनको स्वागत राजा साहेबको रुपमा हुँद थियो। तर ईश्वरको ईच्छा अर्कै थियो, उनको आवश्यकता समाजमा र समुदायमा हुँदा हुँदै पनि उनको आवश्यकता भगवानलाई पनि थियो।आकस्मिक हृदय गति रोकिनुको कारणले उनको मृत्यु दिनांक 10 जनवरि 2010 को दिन भुपाल मध्यप्रदेशमा भयो, संसार नै शुन्यअनि समाज र समुदायलाइ टुहुरो बनाएर। उनको अन्तिम संस्कार देहरादुनमा आफ्नै पैतृक स्थानबाट दिनांक 12 जनवरि 2010को दिन भव्य सम्मान तथा श्रद्धापुर्वक हरिद्वारमा भयो। उनको कमी समाज तथा समुदायमा सदैव रहनेछ।

कर्नल (अ० प्रा०)
जीवन कुमार क्षेत्री

## गोर्खाली सुधार सभाको पात्रिका पहिलो वर्षको दोस्रो अंकबाट

# गोर्खाली सुधार सभाले के गर्‌यो?

गोर्खाली सुधार सभाको 33वाँ वार्षिक सम्मेलनमा उपस्थित श्रोताहरूलाई संबोधन गर्दै सभाका उपाध्यक्ष कर्नल सिद्धिमान राईज्यूले ''गोखाली सुधार सभाले के गर्‌यो?'' तथाकथित प्रश्नको जवाबमा बडो मनोरंजन तरहले भन्नु भयो –

''हिज आज कति मानिसहरूले नया सुरमा 'गोर्खाली सुधार सभाले के गर्‌यो?' भन्दै गीत गाएको सुन्दछु। यस्ता मानिसहरू न ता सुधार सभाका कार्यक्रममा हिस्सा लिन्छन् न ता सदस्य नै हुन चाहन्छन। टाढ़ै बसेर यिनीहरू केवल गीतमात्र गाउन जान्दछन। यिनीहरूले देखी देखी पनि आँखा छोप्दै, नाक मुख एकै ठाँऊ थुपारेर एकोहोरे सुरमा सुर मिलाई ''गोर्खाली सुधार सभाले के गन्यो?'' भन्दो गीत मात्र गाई रहन्छन। होइन हामीले सुधार सभाद्वारा अनेक गरीब गुर्वा हरूलाई धनले सहायता दियौ, अनेक विद्यार्थीहरूलाई छात्रवृत्ति दियौ, मानिकशा आरामघर बनायौ जस्मा दुईवटा धर्मशाला पनि बनिएको छ र कुनै पनि सदस्यले चाहिएको घड़ि सहायताको मांग गर्दा भरसक सहायता दियौ भनेर चिच्याई – चिच्याई भन्दा पनि ई गीताँगे मानिसहरूले दुवै कानमा बूचो लाएर केवल आफैले कथेको एक सुरे गीत मात्र गाँउदछन ''गोर्खाली सुधार सभाले के गर्‌यो?''

गोर्खाली सुधार सभा एउटा समाजिक संस्था हो। यो आकाशबाट खसेको होइन र भूमिबाट उम्रेको भूमिपुत्र पनि होइन। यो ऐतिहासिक सुरम्य दून घाटीमा बसने नेपाली जन साधारण भेला भएर सभाको संगठन भएको हो। गोर्खाली सुधार सभाले के गर्‌यो भन्ने गीत गाउनु भन्दा ई मानिसहरूले यहाँ आई हाते मालो गरेर सभाको कामकाजमा भाग लिए यस् सभाले के गर्‌यो अथवा गर्दो रहेछ, चाल पाउने थिए। साथै सभाको सदस्यहरूका संख्यामा पनि वृद्धि हुनेथ्यो र समाज सेवामा आई लाग्ने कति समस्याहरूको संगठित रूपले समाधान हुनेथ्यो।''

समाजसेवी हरूको तृवर्गीयरूपको उल्लेख गर्दै उपाध्यक्षज्यूले बुभाउनु भयो कि श्रेष्ठतम् समाजसेवी वास्तवमा सत्पुरूषहरू हुन जस्ले निष्काम भावले समाजको सेवा गर्दछन। लोभ लालचता पर जावस् इनीहरूलाई सेवाको फल समेतको आकांक्षा हुन्न। दोस्रो प्रकारका समाजसेवीहरू साधारण स्त्री–पुरुष हुन जस्लाई सेवा गर्दा आफ्नु नाऊँ, यश, कीर्तिका धेरै थोरै लोभ हुन्छ औ तेस्रो प्रकारको समाजसेवी निम्न कोटिका मानिसहरू हुन जो केवल स्वार्थ भावले सेवा गर्दछन। तर इनीहरूमन्दा पनि निकृष्ट मानिस पनि हुन्छन् जस्ले मानव समाजसेवा जस्तो पवित्र कार्यमा सहयोग दिनुता परै जावस समाज सेवीहरूको निंरतर निन्दा गर्दछन र हिउँदोका भोकाएको भ्यागुतोलेझै घोर्ले सुरमा थोत्रे गीत गाँउदछन ''गोर्खाली सुधार सभाले के गर्‌यो?''

कर्नल साहेब सिद्धिमान राईज्यूको मनचिंते झोलीमा कथा कुथुंगीको अपार भंडार छ। उहाँले अवसर पाएर, एउटा चाखलाग्दो पंचतन्त्रको कथा सुटुक्क झिकेर भन्नु भयो –

''एक दिन एउटा बाघको बच्चा आफ्नो बधेनी आमालाई भूलेर भेंडाहरूको बथान पछि लागेछ। भेडाहरूको संसर्गमा परेकोले त्यस् बाघका बच्चा मांसाहार नगरेर घांस चर्दो रहेछ। भेंडा खाना आएको एउटा भयानक वाघले घाँस चर्दै गरेको देखेर त्यस वाधको बच्चालाई भने छ ''होइन वाघको बच्चा भएर तिमीले कस्तो घाँस चरेको र गर्जना नगरेर 'में में' गरेको?'' तर पनि त्यस बाघको बच्चाले ''होइन म त घाँस खान्छु र में में गर्छु'' भनेछ। त्यसो भनेको सुनेर बाघको त्यस बच्चालाई पानी पनेरामा लगेर संग्लो पानीमा आफ्नो र बाघको बच्चाको अनुहार एकनासे छ कि छैन! छ भने मैले जस्तो गर्जना गर – में में ता भेडाले पो गर्छ। हामी त बाघ पो हौ।'' यसो भन्ने साथ बाघले भयंकर गर्जना गर्दा त्यस बाघको बच्चा पनि में में नगरेर गर्जिएछ। त्यस पछि बाघले भेडा माथि आक्रमण गर्दा त्यस बच्चाले पनि ''ए म त बाघको बच्चा पो रहे छू'' भन्ने ज्ञान हुँदा तीखो गर्जना गर्दै अनेक भेडाहरू स्वाहा पारेछ। यस्तै प्रकारले हाम्रा कति दिदी–बहिनी, दाज्यू–भाईहरूलाई आफ्नो स्वरूपको ज्ञान न भएकोले र हामी पनि नेपालीनै हौ भन्ने सोंचले त्यस बाघको बच्चा झैं भेडा जस्तो में में गर्दै ''गोर्खाली सुधार सभाले के गर्‌यो?'' भन्छन्। तर परिस्थितिले कोहि न कोही दिन यिनीहरूलाई आफ्नो स्वरूपको ज्ञान गराउँने छ र यिनीहरूले पनि हामी सित हातेमालो गरी समाज सेवामा आफ्नो जीवनको दुई घडी बिताउने छन् भन्ने आशा गर्दछु।

# पूर्व सैनिकों सम्बन्धित जानकारी

✶ सेवानिवृत्ति के पश्चात प्रत्येक पूर्व सैनिक स्वयं को जिला सैनिक कल्याण कार्यालय में पंजीकृत करायें।

✶ जिला सैनिक कल्याण कार्यालय से पूर्व सैनिक पहचान पत्र ) Ex servicemen I Card) प्राप्त करें।

✶ ई.सी. एच. एस के सदस्य बनें। सी. एस. डी की सुविधा हेतु कैंटीन स्मार्ट कार्ड बनायें।

✶ यदि विकलांग बच्चा है ता उसका भी पेंशन के लिए नामांकन करायें।

✶ सेवामुक्त होने के उपरान्त बच्चे पैदा होने पर, तलाक, पुनर्विवाह, मृत्यु आदि प्रकरणों पर भाग दो आदेश (पार्ट –२ आर्डर) करायें। (जन्म प्रमाण पत्र, पुनर्विवाह प्रमाण पत्र, मृत्यु प्रमाण पत्र इत्यादि व पंचायत का पत्र लेकर जिला सैनिक कल्याण अधिकारी से मिलें)

✶ दस्तावेजों जैसे कि पेंशन, मेडिकल, ए. जी. आई। जायदा, बैंक व कानूनी कागजातों की हिफाजत करें और आश्रितों को उनकी जानकारी करवाऐं।

✶ सभी चल व अचल सम्पत्ति की वसीयत तैयार करके उन पर दो गवाहों के हस्ताक्षर होने चाहिए। हो सके तो यह नोटरी और रजिस्ट्रार के यहाँ दर्ज करायें। अपने NOK को इसके बारे में बताकर किसी सुरक्षित स्थान में रखें।

✶ पेंशन पट्टे एवं पेंशन खाते में ज्वाईन्ट नोटिफिकेशन अपने वारिसों का नामांकन करवाऐं।

✶ वीरांगनाओं को बिना सोचे–समझे किसी भी दस्तावेजों पर दस्तखत नहीं करने चाहिये।

✶ वीरांगनाओं को उनके पति के मृत्यु के बाद मिली धनराशि को सिर्फ सरकारी बैंक / पोस्ट आफिस में ही जमा करना चाहिए।

✶ अधिक धन अर्जित करने के लिए किसी निजी संस्थाओं व व्यक्ति विशेष के प्रलोभन में आकर निवेश नहीं करें।

✶ सभी योजनाओं में नामांकन फार्म में अपने आश्रित को नामित करायें।

✶ साभार सेनिक शक्ति

# प्रतिभावान विद्यार्थीहरू




**खेल महाकुम्भ 2021**

जनपद स्तरीय खेलकूद प्रतियोकगिमा म कु० अदिति चन्द पुत्री श्री अमित चन्द, बाक्सिंग 57 kg वर्गमा देखि आयोजित (20–10–2021 से 18–11–2021 पवेलियन ग्राउण्ड) खेल महाकुम्भ प्रथम स्थान प्राप्त गरिन्।
**निवासी** :– चन्द्रबनी खालसा, महोबेवाला



कु० विभा थापा पुत्री विनय कुमार थापा, सेन्ट कबिर स्कूल देहरादूनले कक्षा 12 मा 93.4% अंक प्राप्त गरिन्।



कु० अमिषा रेग्मी (सुपुत्री श्रीमती रीता रेग्मी एंव श्री धन राज रेग्मी) आर्मी स्कूल बीरपूर देहरादूनले कक्षा 12 मा 94.4% अंक प्राप्त गरिन्।



कु० श्रद्धा मल्ल (सुपुत्री श्रीमती शान्ति मल्ल एवं श्री क्षेत्र वहादुर मल्ल रायवाला) ले M.SC Nuring मा प्रथम प्राप्त गरिन्।

# सभाको बाहिरबाट



सैनिक धाम रथयात्रामा सभाको प्रतिनिधिहरू




भारतको एक मात्र गोर्खाहरूको सामुदायिक रेडियो
‘‘घाम छाँया ‘‘शुभारम्भ



भूतपुर्व सैनिकहरू माननिय मंत्री श्री गणेश जोशी सिता

# सभाको बाहिरबाट



फुटबल महाकुंभमा गोर्खाली सुधार सभाको फुटबाल टीम




रेडियो घामछाँयाको टीम माननिय राज्यपालसित
उद्घाटनको उपलक्षमा



गोर्खाली सुधार सभाको शाखा अध्यक्षहरू GOC UK Sub Area सित